# पृथिवीसूक्तमा पर्यावरणीय चेतना

**रूपक अधिकारी**
Email : rupakalankar10@gmail.com
**उप-प्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय**

**लेखसार**

*प्रस्तुत अध्ययनका दुई विवेच्य पक्ष रहेका छन् : पृथिवीसूक्त र पर्यावरण  अथर्ववेदभित्र रहेका सयौँ महत्त्वपूर्ण सूक्तहरूमध्ये पृथिवीसूक्त पनि एक हो । अथर्ववेदको द्वादश काण्डको पहिलो सूक्तका रूपमा पृथिवीसूक्त रहेको छ । पृथिवीसूक्तलाई भूमिसूक्त र मातृभूमिसूक्त पनि भनिन्छ । वैदिक ऋचाहरू अनादितः अखण्डपरमेश्वरका निःश्वासबाट प्राप्त भएकाले ऋषिहरूलाई मन्त्रस्रष्टा नमानेर द्रष्टाका रूपमा सम्मान गर्ने वेदाध्यायनको प्राचीन परम्परा रहिआएको छ  त्यसकारण यो सूक्त अथर्वा ऋषिदृष्ट मन्त्रहरूको सङ्कलन हो । यस सूक्तका देवता भूमि हुन् । भूमिलाई नै प्रधान देवता मानेर स्तुति गरिएका मन्त्रहरूका कारण यस सूक्तको प्रत्यक्ष सम्बन्ध पृथ्वी र पर्यावरणसँग भएको देखिन्छ । यस सूक्तमा ६३ ओटा मन्त्रहरू सङ्कलित छन् । तिनमा त्रिष्टुप्, जगती, पङ्क्ति, विराट्, बृहती, अनुष्टुप्लगायतका छन्दहरूको प्रयोग भएको छ । वैदिकसूक्तहरूमा यो पृथिवीसूक्त पर्यावरणीय दृष्टिले महत्त्वपूर्ण रहेको छ ।*

*शब्दकुञ्जी : आहुति, ऋचा, दावानल, पारिस्थितिक पद्धति, मन्त्रद्रष्टा, सूक्त ।*

## विषयपरिचय

प्राकृतिक विनाशका विरुद्ध आन्दोलन तथा अभियानका हिसाबले सुरुवात भएको पर्यावरणीय चिन्तनले समयक्रममा साहित्य समालोचनाको सैद्धान्तिक स्वरूप ग्रहण गरेको हो । यसले कुनै पनि  साहित्यिक कृतिमा प्रतिबिम्बित प्रकृतिपरक वा पर्यावरणीय संरक्षणलाई मद्दत पुऱ्याउने प्रतिमानहरूको सम्बन्धित सन्दर्भ र प्रसङ्गका आधारमा अध्ययन गर्दछ । प्रकृति र वातावरणको सम्बन्ध, प्रकृति संरक्षणप्रतिको चासो, प्रकृतिको अनिवार्यता, जैविक विविधताजस्ता तत्त्वका आधारमा पर्यावरण समालोचनाले कृतिको सर्वेक्षण गर्दछ । यस लेखमा पर्यावरण सिद्धान्तका उपर्युक्त मान्यताका आधारमा पृथिवी सूक्तमा उल्लिखित पर्यावरण चेतनाको अनुसन्धान गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । सम्बन्धित विषयका विद्वान्हरूको पूर्वकार्यलाई पनि सामग्री सङ्कलनको स्रोत बनाइएको छ । विवेच्य सामग्रीको विश्लेषणका लागि पर्यावरणीय समालोचनाले अघि सारेका अवधारणालाई आधार बनाइएको छ । पर्यावरण समालोचनाका पर्याधारहरूको उल्लेख गरी पृथिवीसूक्तको विश्लेषण गरिएको छ। अध्ययनका लागि अथर्ववेदको पृथिवीसूक्तलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने पर्यावरणीय समालोचनासँग सम्बन्धित सामग्रीलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ । सङ्कलित सामग्रीलाई विश्लेषणविधिको उपयोग गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक आधार

पर्यावरणीय समालोचनाको मुख्य अवधारणा भनेको कुनै पनि कृतिमा पर्यावरणीय महत्त्वलाई कुन रूप स्थापना गरिएको छ भनेर खोज्नु हो । पञ्च महाभूतको सूक्ष्म संयोजनबाट पर्यावरणको विशाल स्वरूप निर्माण भएको हुन्छ जसलाई पारिस्थितिक प्रणाली पनि भन्न सकिन्छ । पर्यावरणको संरक्षणविना प्राणीको जीवनयापन कठिन हुने मात्र होइन सङ्कटापन्न बन्न पुग्ने हुनाले विवेकशील भएका नाताले पर्यावरणप्रति मानिस नै चनाखो हुनुपर्छ। मानिसलाई प्रकृतितर्फ अभिमुखीकरण गर्नका लागि उपयुक्त साधनत्व साहित्यिक रचनामा हुने भएकाले साहित्यिक कृतिले पर्यावरणीय महत्त्वलाई प्राथमिकताका साथ उठाउनुपर्छ। "कुनै पनि कृतिमा पर्यावरणीय महत्त्वलाई के कतिसम्म स्वीकार गरिएको छ भन्ने आधारबाट कृतिको विश्लेषण हुन सक्छ।"(पोखेल, २०७०, पृ.४५) पर्यावरण र प्राणीबिचको अनिवार्यता र अन्तर्सम्बन्धको प्रस्तुति पर्यावरणीय महत्त्वभित्र समेटिएर पठन हुन्छ।

पर्यावरणीय समालोचनाले प्रकृति र मानवबिचको अपरिहार्य सम्बन्धका आधारहरूको सूक्ष्म अध्ययन गर्दछ। प्रकृति र प्राणीबिच स्वाभाविक सम्बन्धहरू निश्चित् छन्। मानव पनि समस्त प्राणीवर्गकै एक सदस्य भएकाले प्रकृतिसित मानवको सम्बन्ध स्वतः स्पष्ट हुन्छ। स्वाभाविक सम्बन्धलाई उल्लङ्घन गरेर अस्वाभाविक ढङ्गले प्रकृतिको तीव्र दोहनले मानिसलाई त नकारात्मक असर परेको छ नै बाँकी निर्दोष र अबोध प्राणीले पनि अस्तित्वको सङ्कट भोग्नुपरेको छ। पृथ्वी मानिसको मात्र सम्पत्ति नभएर सम्पूर्ण प्राणीको वासस्थान हुनाले प्रकृतिको संरक्षण गर्नु प्रकारान्तरले मानिसले आफ्नै सुरक्षा गर्नु हो। "सदियौंदेखि प्रकृति र मानिसको सहयात्रा वा सहसम्बन्धले सिर्जना पक्षलाई अधिकतम सुन्दर बनाएका दृष्टान्तहरू इतिहासमा सुरक्षित छन्।" (पोखेल, २०७१, पृ.९२) कपासमा बलेको ज्योतिको आयु कपाससित जोडिँदासम्मका लागि मात्र भएजस्तै मानिसको आयु प्रकृतिसित जोडिँदासम्म मात्र हो। त्यस कारण मानिस र प्रकृतिबिच आधार आधेय सम्बन्ध छ।

हावा, पानी, माटो, आकाश, वृक्षवनस्पतिको समष्टि रूप प्रकृति हो र प्रकृतिको आधार वा उद्भव जे भने पनि पृथ्वी हो । कुनै कृतिले पृथ्वीलाई वा प्रकृतिलाई केन्द्रमा राखेको छ कि परिधिमा अथवा प्रकृतिको सार्वभौमिकतामा जोड दिएको छ कि विखण्डनमा भनेर खोतल्ने काम पर्यावरणीय अध्ययनमा हुन्छ । पर्यावरणीय अध्ययनले प्रकृतिलाई केन्द्रमा राख्दछ र बाँकी प्राणी वनस्पति आदिलाई प्रकृतिकै अङ्गका रूपमा परिधिमा राख्दछ। प्रकृतिको सर्वोच्चतामा न 'सर्भाइबल अफ द फिटेस्ट' भन्ने आधुनिक विकासवादी मतलाई स्विकारिन्छ न त 'वीरभोग्या वसुन्धरा' भन्ने पुरुषसत्तात्मक मतलाई नै स्विकारिन्छ। स्विकारिन्छ त केवल प्रकृतिको महत्तालाई । प्रकृतिका निम्ति मानव, जलचर, स्थलचर, खेचर सबै बराबर भएकाले प्रकृतिको उपभोग पनि सबैले गर्न पाउनुपर्छ भन्ने धारणामा नै प्रकृतिको सर्वोच्चता समाहित भएको हुन्छ। अनुसन्धेय सामग्रीमा प्रकृतिको सर्वोच्चतालाई पनि विश्लेषणको आधार मानिन्छ।

पर्यावरण समालोचनाले कृतिमा विषयवस्तु पर्यावरणसम्बद्ध हुनुका साथै त्यसलाई अभिव्यक्त गर्ने भाषा पनि पर्यावरणमैत्री नै हुनुपर्ने अवधारणा अघि सारेको छ। प्रकृतिप्रति विद्वेष फैलाउने र प्रकृति विध्वंसकारी मनोवृत्तिलाई उत्प्रेरित गर्ने खालको भाषिक प्रयोगलाई पर्यावरण समालोचनाले त्याज्य मान्दछ। "यसले शब्द, पदावली र वाक्यविन्यास योजनामा पनि पर्यावरणमैत्री भाव कुनै न कुनै रूपमा झल्किनुपर्छ भन्ने मान्यता राख्दछ (पोखेल, २०७१, पृ.४) ।" प्रसङ्गानुकुलको प्रकृतिसम्बद्ध पदपदावलीहरूको प्रयोगले नै प्रकृतिको

महत्तालाई स्थापित गरेको हुन्छ तसर्थ वातावरणमैत्री भाषिक प्रयोग पनि कृति विश्लेषणको आधार हो ।

पर्यावरण अध्ययनले अघि सारेका यिनै मूलभूत मान्यतालाई सैद्धान्तिक आधार बनाएर पृथिवी सूक्तको पर्यावरणीय महत्त्वको समीक्षा गरिएको छ ।

## नतिजा र विमर्श

वेद पर्यावरणीय शक्तिलाई ईश्वरीय शक्तिका रूपमा व्याख्या गर्ने प्राचीन वाङ्मय हो । प्राचीन मानवको प्रकृतिप्रतिको संवेदना, श्रद्धा, विश्वास र सम्मानलाई वैदिक साहित्यले बौद्धिक तथा कलात्मक रूपमा व्याख्या गरेको छ। वेदबाट अनुप्राणित अर्वाचीन संस्कृत साहित्यले पनि पर्यावरणलाई मानव जीवनको आधारकै रूपमा प्रस्तुत गरेको छ । आधुनिक समालोचनाका क्षेत्रमा साहित्यको पर्यावरणीय अध्ययन गर्ने परिपाटीको विकास भएपछि कृतिको मूल्याङ्कनमा नयाँ नजरिया स्थापित भएको छ । सोही नजरियाबाट वैदिक सूक्तहरूको पुनरावलोकन गरी नवीन मूल्यको सन्धान युगीन आवश्यकता भएको छ त्यसकारण पर्यावरण सिद्धान्तका मूलभूत बुँदाका आधारमा वैदिक मन्त्रहरूको विमर्श र परिणाममाथि चर्चा गरिन्छ ।

### पृथिवीसूक्तको पर्यावरणीय महत्त्व

पृथिवीसूक्तमा पर्यावरणका विभिन्न घटकरूको वर्णन गरिएको छ । ऋषिले पृथिवीलाई माताका रूपमा मानवीकरण गरी भूमिको प्रार्थना गरेका छन् । भूमिका शान्त तथा उग्र रूपको वर्णन गर्दै अन्नैश्वर्य तथा दीर्घायुको वरदान मागेका छन् । भूमिसूक्तमा प्रकृतिको वर्णन मात्र भएको छैन पर्यावरणसम्बन्धी पूर्वीय मान्यता वा सिद्धान्त नै उपस्थापन भएको छ । यस सूक्तका मन्त्रहरू आग्रहायणकर्म, पुष्टिकर्म, कृषिकर्म, पुत्रधनादिप्राप्तिकर्म, ब्रीहियवादि प्राप्तिकर्म, भूकम्पादि प्रायःश्चित्तकर्म, पृथिवी महाशान्तिकर्म आदिमा विनियोग गरिएका छन् । प्राणीजगत्का लागि पृथिवीको महत्त्व कति छ भन्ने विषयमा गम्भीर चिन्तन अघि सारिएको यस सूक्तमा पृथिवीलाई केन्द्रमा राखेर यसको महत्त्व दर्साइएको छ । सत्यं बृहदृतमुग्रं दीक्षा तपो ब्रह्म यज्ञः पृथिवीं धारयन्ति । सा नो भूतस्य भव्यस्य पत्न्युरुं लोकं पृथिवी नः कृणोतु । (सत्य, व्यापक जल, तप, ब्रह्म र यज्ञले पृथिवीलाई धारण गर्छन् । त्यस्ती पृथिवीले हाम्रा लागि विस्तृत भूमि प्रदान गरून् ।) (अथर्ववेद, १२ । १) यसरी पहिलो मन्त्रमा नै मानिसका दीक्षादि व्रतका कारण पृथिवीको रक्षा हुने र पृथिवीले मानिसलाई वासयोग्य भूमि प्रदान गर्ने तथ्य उठाएर प्रकृति र मानवबिचको सम्बन्ध स्थापित गरिएको छ । ऋषिले पृथ्वीलाई दाता र आफूलाई ग्रहिता वा याचकका रूपमा प्रस्तुत गरेका छन् । पृथ्वीप्रति मानवले देखाउनुपर्ने उच्च सम्मान र संवेदना यस पृथिवीसूक्तमा प्रकट भएको छ ।

पृथिवीसूक्तमा पर्यावरणीय महत्त्वलाई मात्र व्यक्त गरिएको छैन, यसको अपरिहार्यतालाई ख्यापन पनि गरिएको छ । नदी, पशुपक्षी, वनजङ्गल, जलचर, खेचर, हिमाल, पहाड आदिको समष्टि रूप पर्यावरण हो । पर्यावरण जीवनमैत्री र कल्याणकारी हुनका लागि पृथ्वी, आकाश, अन्तरिक्ष, समुद्र, वनस्पति आदि कल्याणकारी हुनुपर्ने अर्थात् यी तत्त्वबाट उत्पन्न अनिष्टले प्राणीलाई हानि गर्नुहुँदैन भन्ने परोपकारी अवधारणा पृथिवीसूक्तका ऋचाहरूमा प्रकट भएको छ । पर्यावरणका आधार भनेका पञ्च महाभूत अर्थात् पृथ्वी, जल, तेज, वायु र आकाश हुन् । यिनैको आन्तरिक पद्धति वा योजनाबाट विशाल प्रकृतिको निर्माण भएको हुन्छ । पञ्च महाभूतको यही विशिष्ट पद्धतिलाई मन्त्रहरूले गान गरेका छन् ।

यस्यां समुद्र उत सिन्धुरापो यस्यामन्नं कृष्टयः सम्बभूवुः । यस्यामिदं जिन्वति प्राणदेजत् सा नो भूमिः पूर्वपेये दधातु । (जुन पृथिवीमा समुद्र, नदीलगायत जलका स्रोत छन्, जहाँ अन्नबाली हुन्छ यस्ती पृथ्वीले हामीलाई कृषियोग्य जमिन र औषधियुक्त वासस्थान प्रदान गरुन् ।) (अथर्व, १२ : ३) । पर्यावरणको आधार भनेको पृथिवी हो । माथिको मन्त्रमा पृथिवीलाई अन्न, औषधी, जल, फलफूलआदिको दाताका रूपमा प्रशंसा गरिएको छ । मानवलगायत सारा प्राणीलाई बाँच्न पृथिवीको अपरिहार्यता प्रस्तुत गरी पर्यावरणको महात्त्व उजागर गरिएको छ ।

समुचित समयमा वर्षा, घाम, हावाजस्ता तत्त्वहरूको योगबाट पृथ्वीमा अन्नफलादि उत्पन्न हुन्छन् र त्यसबाट मानवलगायतका प्राणीहरूले बल प्राप्त गर्दछन् । भौतिक पृथ्वीका विभिन्न अङ्गहरूको अनुकूलताबाट नै पर्यावरणीय अनुकूलताको अनुभूति हुने हो । गिरयस्ते पर्वता हिमवन्तोऽरण्यं ते पृथिवी स्योनमस्तु । बभ्रुं कृष्णां रोहिणीं विश्वरूपां ध्रुवां भूमिं पृथिवीमिन्द्रगुप्ताम् । अजजितो ऽहतो अक्षतोऽध्यष्ठां पृथिवीमहम् अथात् पर्वत, हिमाल, जङ्गल, वर्षाद्वारा पोषित रातो, सेतो, खैरो, कालो विभिन्न रङले सुशोभित पृथ्वीमा नै हामी निर्भय भई बाँच्न सक्छौँ (अथर्व, १२.१.११) । जीवनको अस्तित्वका लागि पहिलो सर्त भनेकै प्रदूषणरहित पर्यावरण हो । यहाँ पृथिवीको विविध छटायुक्त सुन्दर स्वरूपको वर्णन गरिएको छ । मन्त्रको शैली स्तुतिपरक भए तापनि प्रकारान्तरले पर्यावरणीय महत्त्वलाई प्रकट गरिएको छ ।

पवित्रता र सच्चरित्रता वैदिक सभ्यताको आधार हो । भूमि, जल, वायुजस्ता जीवनदायिनी शक्तिको पवित्रतालाई वैदिक ऋचाहरूले अत्यन्त महत्त्व दिएका छन् । चरित्र निर्माणका लागि वाणीमा, मनमा र व्यवहारमा पवित्रता हुनुपर्छ । पवित्र भनेको शुद्ध हो । कुनै पनि आवाञ्छित रसायन नमिसिएको पवित्र पर्यावरण नै पवित्र स्वास्थ्य, सिर्जनशील विचार र व्यवहारको आधार हो भन्ने कुरा भूमिसूक्तका ऋचाहरूले बुझाउन खोजेका छन् । जसरी हुन्छ आफ्नो स्वार्थसिद्ध गर्ने, आफ्नो काम बनाउन वनविनाश गर्ने, नदीमा फोहोर फाल्ने, वायुमा विषाक्त पदार्थ मिसाउने जस्ता पर्यावरण विरोधी कार्यलाई निरुत्साहित गर्ने र पर्यावरणको महत्त्व प्रस्ट्याउने कार्य पृथिवीसूक्तका ऋचाहरूले गरेका छन् ।

## पृथिवीसूक्तमा प्रकृति र मानवको सम्बन्ध

प्रकृति र मानवलाई एक अर्काको परिपूरकका रूपमा हेरिने परिपाटि भए पनि यो निर्विवाद सत्य भने होइन । मानवले आफूलाई पनि प्रकृतिसमान देखाउन यस्तो परिभाषा बनाएको हो । प्रकृतिका लागि मानिस र जीवजन्तु सबै बारबर हुन् तर प्रकृतिबाट लाभ लिन भने अरूले भन्दा मानिसले जान्दछ । जति जति मानिस चेतनशील भयो त्यति त्यति उसले प्रकृतिको दोहन गरेको छ । प्रकृतिको तहसनहस बढी गरेको छ र कुरूप बनाएको छ । यसबाट आधुनिक मानव अझ तृप्त भएको छैन तर पृथिवीसूक्तमा पृथ्वीलाई आफ्ना आवश्यकताका वस्तु उपलब्ध गराइदिने पालयिताका रूपमा प्रार्थना गरिएको छ । यस्यां पूर्वे पूर्वजना विचक्रिरे यस्यां देवा असुरानभ्यवर्तयन् । गवामश्वानां वयसश्च विष्ठा भगं वर्चः द्रविणो नो दधातु । (यस पृथ्वीमा परापूर्व कालदेखि नै पुर्खाहरूले पराक्रम देखाए । देवता तथा असुरहरूले सङ्घर्ष गरे । गौ, अश्वादि उपकारी जनावरलाई आश्रय दिने पृथ्वीले हामीलाई ओजस्वी बनाउन् ।) (अथर्व, १२.१.५) । ऋषिले पृथ्वीलाई परापूर्व कालदेखि नै मानवको जीवन यापनका लागि आश्रयस्थलका रूपमा वर्णन गरेका छन् । यो पृथिवी आज मात्र नभएर परापूर्व कालदेखि नै मानवको आश्रय हो भविष्यमा पनि हुने छ । मानव र पर्यावरण बिचको निरन्तर सम्बन्धलाई यस मन्त्रले पुष्टि गरेको छ ।

एक मन्त्रमा औषधिका देवता अश्विनीकुमार, पालयिता देवता विष्णु, वर्षाका देवता इन्द्रको स्मरण गर्दै भनिएको छ – सा नो भूमिर्विसृजतां माता पुत्राय मे पयः । (यी पृथ्वीले आमाले सन्तानलाई दुध दिएजस्तै हामीलाई अन्नफलादि प्रदान गरुन्) (अथर्व, १२.१.१०) । जसरी आमाले आफ्ना सन्तानलाई दुग्धपान गराएर हुर्काउँछन् त्यसरी नै भूमिले हामीलाई अन्न तथा फलफूलरूप दुध दिएर पाल्दछिन् भन्ने धारणा व्यक्त गरी मानव र प्रकृतिको सम्बन्धलाई उच्च प्रशंसा गरिएको छ ।

ऋषिले मानिसलाई अन्य प्राणीजस्तै पृथ्वीमा आश्रित प्राणी सम्झेका छन् । बरु विवेकशील भएका कारण प्रकृति या पृथ्वीप्रति मानिसका उत्तरदायित्व बढी भएको बताएका छन् । पृथ्वीमा जन्मेका दोपाया तथा चौपायाहरू यसैमा विचरण गर्छन् । धरणीले यिनको भरणपोषण गर्छिन् । सूर्यको प्रकाशमा जीवनदायी तत्त्व हुन्छ । त्यसैबाट मानवलगायतका प्राणीको जीवन अघि बढ्दछ । मानवसमुदायले प्रकृतिबाट जीवन पाउने, त्यहीँबाट जीवनरस पाउने र जीवनपथमा अघि बढ्ने धारणा अघि सार्दै ऋचाहरूले मानव र प्रकृतिको अभिभाज्य सम्बन्धलाई स्थापित गरेका छन् ।

ऋषिले पृथ्वीलाई ओषधिकी उत्पादिका (जडीबुटी मात्र नभएर अन्न, जल, कन्दमूलादि पनि ओषधिकै व्यापकत्वमा समाहित हुन्छन् ।), धर्मद्वारा धारण गरिएकी(धर्म भनेको स्वभाव हो, पृथ्वीको आन्तरिक सम्बन्ध वा पद्धति, पारिस्थितिक प्रणालीबाट सञ्चालितजस्ता उपमा दिँदै) वैभवसम्पन्न पृथ्वीमा निर्भय विचरणका लागि स्तुति गरेका छन् । राजनीतिक रूपमा मानिसले आफ्ना स्वार्थका लगि भूमिलाई विभाजित वा निजीकरण गरे पनि पृथ्वी सबैको साझा भएको जिकिर गरिएको छ । महत् सधस्थं महती बभूविथ महान् वेग एजथुर्वेपथुष्टे । महांस्त्वेन्द्रो रक्षत्यप्रमादम् । (महान् आवासभूमि हुँदाहुँदै पनि पृथ्वी वेग र कम्पनलाई धारण गर्छिन् जसका कारण आपत्तिहरू आइलागे पनि इन्द्रले रक्षा गर्छन्) (अथर्व, १२.१.१८) । पौराणिक कालमा आइपुग्दा इन्द्रको परिचय स्वर्गको राजा बने पनि वैदिक ऋचाहरूले इन्द्रलाई आकाशमा चम्किने विद्युत्का रूपमा वर्णन गरेका छन् (यास्क, ११०) । यसरी इन्द्र पनि वायु, सूर्य, वनस्पतिसमान प्रकृतिकै अङ्ग देखिन्छन् । पृथिवीको पर्यावरणीय सन्तुलनमा इन्द्र, वरुण, रुद्रआदिको उत्तिकै भूमिका देखिन्छ किनभने वैदिक वाङ्मयमा यिनलाई प्राकृतिक तत्त्वकै रूपमा स्विकारिएको छ । यिनको गडबडीले मानव जीवन कष्टकर बन्न पुग्छ ।

मानिस धरतीमा आफ्नो देह समर्पित गरेर सुखपूर्वक सुत्न सक्छ । त्यस्तो चेतनारहित अवस्थामा पनि हामीलाई भूमिले स्नेहपूर्वक पोषण गर्छिन् । यसका साथसाथै मानिसका सहस्र कार्यव्यवहार भूमिकै काखमा सम्पन्न हुन्छन् । यस्यां गायन्ति नृत्यन्ति भूम्यां मर्त्या व्यैलबाः । युध्यन्ते यस्यामाक्रन्दो यस्यां वदति दुन्दुभिः । सा नो भूमिः प्रणुदतां सपत्नानसपत्नं मा पृथिवी कृणोतु । (यही पृथिवीमा मानिस नाच्छन्, गाउँछन्, बजाउँछन्, शत्रुलाई परास्त गर्छन् र सुरक्षित हुन्छन् । पृथिवीले हामीलाई पनि शत्रुरहित बनाउन्) (अथर्व,१२.१. ४१)।मानिसका सारा कार्यव्यवहार,जीवनको आद्यान्त सङ्घर्ष,उन्नति र अवनतिको एक मात्र आधार पृथ्वी हो । पृथ्वीसित मानिसको नाता शाश्वत र सनातन छ । पृथ्वीसितको आधार भासिएका दिन मानव अस्तित्व रसातलमा पुग्छ । बाढी, पहिरो, आँधीहुरी, भूकम्प आदि पनि मानिसका शत्रु नै हुन् त्यस्ता शत्रु नआउन् र धरती निवासयोग्य भन्ने विचार यस मन्त्रमा प्रस्तुत भएको छ र सुन्दर शान्त पृथिवी नै मानिसको आवश्यकता

हो भन्ने बोध गरिएको छ ।

प्रकृति संरक्षणमा मानव योगदान पनि छ । अरू प्राणीको पनि छ । पारिस्थितिक प्रणालीलाई गतिशील बनाउन सबैको उत्तिकै योगदान हुन्छ तर ऋषिले प्रकृतिको वा भूमिको मात्र गुणवत्तालाई स्वीकार गरेका छन् । भूमिको व्यापकताका अगाडि आफ्नो अस्तित्वलाई नगण्य ठानेका छन् । हुन पनि पृथ्वीको उदारता र गतिशीलताका अगाडि मानिसको कार्यव्यपार किमार्थ उल्लेखनीय छैन । मानिस प्रकृतिका अगाडि सधैँ कमजोर छ । प्रकृतिले आफ्नो स्नेह देखाउन्जेल मात्र मानिसले आफूलाई शक्तिशाली भएको भ्रममा बाँच्न पाउने हो । जब प्रकृतिले आफ्नो विकराल रूप देखाउँछ तब मानिसका उत्पादन र आविष्कारले उसको सुरक्षा गर्न सक्दैनन् । त्यसैले मानिस प्रकृतिको शरणागत नभई सुख छैन भन्ने कुरालाई मन्त्रले प्रस्तुत गरेको छ । उपस्थास्ते अनमीवा अयक्ष्मा अस्मभ्यं सन्तु पृथिवी प्रसूताः । दीर्घं न आयुः प्रतिबुध्यमाना वयं तुभ्यं बलिहृतः स्याम । (हे भूमि ! पृथ्वीमा उत्पन्न प्राणी निरोगी होउन् । यक्ष्मादि रोग नलागुन् । तिमी हामीलाई आयुष्य प्रदान गर हामी बली प्रदान गर्छौं ।) (अथर्व, १२.१.६२) । यस मन्त्रले मानिस नीरोगी हुने, दीर्घ आयुको हुने कुरा पृथिवीमा निर्भर रहेको देखाएर मानव प्रकृति बिचको सम्बन्धलाई प्रकट गरेको छ ।

प्राचीन ऋषिहरूको प्रकृतिप्रतिको यस्तो संवेदनशीलता साँच्चै विस्मयकारी देखिन्छ । अहिले पनि हामी आवश्यक सम्पूर्ण चिजबिज प्रकृतिबाटै लिन्छौँ । भूमि हाम्रो आधार हो । भूमिविना प्राणीको सम्भावना त के कल्पना पनि गर्न सकिन्न भन्ने अघि सारेर मानिस र प्रकृति बिचको आधार आधेय सम्बन्धलाई पृथिवीसूक्तले प्रस्तुत गरेको छ ।

## पृथिवीसूक्तमा प्रकृतिको सर्वोच्चता

वैदिक मानवहरू प्रकृतिपूजक थिए भन्ने कुरा त वैदिक ऋचाहरूले प्रकट गरेको प्रकृतिपरक चिन्तनबाट स्पष्ट हुन्छ । मानिसले जीवनयापनका क्रममा प्रकृतिका विविध रूपको दर्शन गरेको छ । उसले प्रतिपल आफू प्रकृतिबाट अनुप्राणित भएको अनुभूति गरेको । साथै मानवले बाढी, पहिरो, हुरीबतास, आगलागी, हिमपात, खडेरी, अतिवृष्टि, अनावृष्टि जस्ता प्राकृतिक प्रकोपसित सङ्घर्ष गर्दै अघि बढेको अनुभव पनि गरेको छ । हात्ती, घोडा, सर्प अजिङ्गर जस्ता आफूभन्दा विशाल र भयङ्कर जनावर पनि प्रकृतिको विकराल मुखमा सुलुसुलु पसेको देख्दा प्रकृतिको उग्ररूपबाट मानिस त्रस्त भएको छ यिनै कारणले गर्दा प्रकृतिको सौम्य तथा उग्र दुवै रूपको विशिष्टतालाई मनन गरी यस सूक्तमा प्रकृतिको सर्वोच्चता स्विकारिएको छ ।

सबै कुरा पृथ्वीबाटै प्राप्त हुने तथ्यप्रति ऋषिले इङ्गित गरेका छन् - विश्वंभरा वसुधानी प्रतिष्ठा हिरण्यवक्षा जगतो निवेशनी । वैश्वानरं विभ्रती भूमिरग्निमिन्द्रऋषभा द्रविणे नो दधातु । (यी पृथ्वी विश्वम्भरा, वसुधानी र हिरण्यवक्षा हुन् जसले अग्नि र इन्द्रलाई धारण गरेकी छिन् तिनले हामीलाई धन प्रदान गरुन्) (अथर्व, १२.१.६) । यहाँ पृथ्वीलाई भरणपोषण गर्ने, अन्न पशुआदि सम्पत्तिले सम्पन्न, छातीमा विभिन्न बहुमूल्य सुवर्णआदि धातु भएकी, अग्नि, इन्द्र अर्थात् बिजुली धारण गर्ने, प्राणीलाई जीवनोपयोगी वस्तुप्रदान गर्ने प्रमुख स्रोतका रूपमा वर्णन गरी पृथ्वीको सार्वभौमपनलाई प्रस्तुत गरिएको छ । गहन पर्यावरणका अवधारणाहरू पृथिवीसूक्तमा प्रतिबिम्बित भएका छन् । ऋषिले खोलानाला र पाखापर्वतको सौन्दर्यको चर्चामा भन्दा पृथ्वीको तत्त्वमीमांसामा बढी जोड दिएका छन् । पृथ्वी पहिले जलमय थियो भनेर विकासवादी चिन्तन

व्यक्त भएको छ भने पृथ्वीको हृदय आकाशमा छ भनेर प्रकृतिको चक्रीय प्रणालीलाई उद्घाटन गरिएको छ (अथर्व, १२.१.८) । ऋषिले पृथ्वीलाई भूरिधारा (अथर्व, १२.१.९) नामले पुकारेका छन् । जसको आशय पृथ्वीमा वहने असङ्ख्य नदीनाला हुन्छ ।  पृथ्वी र जलको पर्यावरणीय सम्बन्धलाई उजागर गर्दै त्यसबाट प्राणीवर्गलाई हुने लाभलाई मन्त्रद्रष्टाले स्पष्ट पारेका छन् ।

पृथ्वीबाट अनुप्राणित भएर प्रकृतिले गति लिएको हुन्छ । मानव र वनस्पतिलगायतका प्रकृतिका अङ्गहरू पृथ्वीबाट उत्प्रेरित हुन्छन् । गन्धवती हुनु नै पृथ्वीको लक्षण हो भनेर न्यायशास्त्रले पृथ्वीको गुणका रूपमा गन्धलाई लिएको छ । पृथ्वीको त्यही गन्धरूप गुण औषधि, अन्न, जल आदिमा सञ्चरण हुन्छ । यं गन्धर्वा अप्सरसश्च भेजिरे तेन मा सुरभिं कृणु । (गन्धर्व, अप्सराआदि त्यसैबाट गन्ध ग्रहण गर्छन् । पृथ्वीले हामीलाई पनि सुगन्धित गराउँछ) (अथर्व, १२.१.२३) । मानिस पृथिवीको सार लिएर सारगर्भित हुन्छ भनेर यहाँ प्रकृतिको सर्वोच्चतालाई देखाइएको छ ।

मानिसले अज्ञानतावश वा अहङ्कारवश आफूलाई केन्द्रमा राखेर पशु, वनस्पति, खनिजआदिलाई भोग्य पदार्थका रूपमा हेरे पनि जगत्को केन्द्रमा पर्यावरण रहेको हुन्छ भन्ने वास्तविकताको प्रख्यापन भूमिसूक्तको विषय हो । हिमाल, पहाड, तराई, वनजङ्गल प्रकृति हुन् भने तिनमा यथासमयमा देखिने परिवर्तन वातावरणीय पद्धति हो । मौसम परिवर्तनको चक्रीय प्रणाली वातावरणलाई अनुकूल बनाइराख्नका लागि हो । प्रकारान्तरमा यसबाट हुने लाभ पनि प्राणी तथा वनस्पतिलाई नै हो । यस किसिमको पर्यावरणीय चक्रलाई मन्त्रले स्पष्ट वर्णन गरेको छ । ग्रीष्मस्ते भूमे वर्षाणि शरद्धेमन्तः शिशिरो वसन्तः । ऋतवस्ते विहिता हायनीरहोरात्रे पृथिवी नो दुहाताम् ।  (हे भूमि ! गृष्म, वर्षा, शदर्, हेमन्त, शिशिर र वसन्त गरी छओटा ऋतु तथा दिन र रात पृथ्वीमा विधान गरिएका छन्, तिनीहरू हाम्रा लागि सुखदायी होउन्) (अथर्व, १२.१.३६) । पर्यावरणको आन्तरिक पद्धतिमा दिनरात तथा ऋतुचक्रको भूमिकालाई प्रस्तुत मन्त्रले खुलस्त पारेको छ ।

पृथ्वीको गतिसित ऋतुचक्रको अन्वय भएकै कारण पारिस्थितिक प्रणाली अविच्छिन्न भएको हो । पृथ्वीको गतिशीलताको प्रतीकात्मक प्रस्तुतिलाई पृथिवीसूक्तले आत्मसात् गरेको छ । पृथ्वी आफ्नो कक्षमा सर्पवत् घुमिरहन्छ । अन्तरिक्षमा दौडिरहन्छ । वृष्टिकर्ता इन्द्रलाई वरण गरेर प्राणीलाई बलवीर्यवान् बनाउँछ । सूर्य-ऊर्जा, चन्द्र-अमृत, वरुण-जल, वायु-प्राण जस्ता देवताबाट शक्तिसञ्चय गरी प्राणी तथा वनस्पतिलाई जीवन्त बनाउने पृथ्वीको चरित्रको स्तवन गरेर पृथिवीसूक्तमा प्रकृतिको सर्वोच्चतालाई स्वीकार गरिएको छ ।

## पृथिवीसूक्तमा पर्यावरणमैत्री भाषा

पर्यावरण समालोचनाको चासो कृतिमा पर्यावरण, प्रकृति, जल, वायु र वातावरणसम्बद्ध विषयवस्तु र त्यसको प्रस्तुतिमा मात्र हुँदैन यसले कृतिमा पर्यावरणलाई कसरी उपस्थापन गरिएको छ ? कस्तो सम्मान गरिएको छ ? भन्ने कुराप्रति पनि विशेष जिज्ञासा राख्दछ । विवेच्य पृथिवीसूक्तमा पर्यावरणीय महत्त्वको स्पष्टीकरण त घनीभूत रूपमा भएकै छ साथै प्रकृतिका यावत् तत्त्वहरूलाई देवत्वकरण गरिएको छ । प्रकृतिको व्यापकता र विशालतालाई  सम्मान गरिएको छ । प्रतिक्षण प्रकृतिबाट जीवनामृत प्राप्त गरिरहेका ऋषिले पर्यावरण वा प्रकृतिलाई मातापिताको  दर्जा दिएका छन् । माता भूमिः पुत्रो अहं पृथिव्याः । पर्जन्यः पिता स उ नः पिपर्तु । (भूमि माता हुन् र पर्जन्य अर्थात् वर्षा पिता हुन्, पृथ्वी र पर्जन्यले हाम्रो पालन गर्छन्) (अथर्व, १२.१.१२) । 'भूमि माता हुन् । हामी उनका पुत्र हौँ' यस कालजयी सूक्तिका साथ भूमिलाई माताको उच्च

आसनमा राखेर अर्चना गर्ने परम्पराको सुरुवात भूमिसूक्तले गरेको छ । भूमिलाई माताका रूपमा र पर्जन्यलाई पिताका रूपमा आरोप गरी रूपक अलङ्कारद्वारा अभिव्यक्तिलाई कलात्मक बनाइएको छ ।

माता भनेपछि ती यसै पूज्य, स्तुत्य, सम्माननीय, अवध्य र अखण्डतायुक्त हुने कुरा सङ्केतित हुन्छ । त्यसैगरी प्रकृतिको अङ्गभूत पर्जन्यलाई पिताको संज्ञा दिएर वर्षा र पृथ्वीको समागमबाट अन्न उत्पादन हुने र अन्नबाट प्राणीको जीवन चल्ने यथार्थबोध गराइएको छ । पृथिवीलाई आमाको सम्मान दिएकाले यहाँ पर्यावरणमैत्री भाषाको प्रयोग भएको छ ।

पर्यावरणमैत्री भाषा भनेको प्रकृति जत्तिकै कोमल, लावण्यमयी र लालित्यपूर्ण भाषा हुनु हो । जसमा कलात्मकता र लयात्मकताको उत्तिकै अपेक्षा रहन्छ । पृथिवीसूक्तले प्रकृतिप्रति त सम्मान जनाएकै छ कोमल तथा प्रसङ्गानुकूल लालित्यपूर्ण भाषाको पनि अनुसरण गरेको छ । यस्ते गन्धः पुष्करमाविवेश यं संजभ्रुः सूर्याया विवाहे । अमर्त्याः पृथिवी गन्धमग्रे तेन मा सुरभिं कृणु मा नो द्विक्षत कश्चन । (पृथ्वीको सुगन्ध पुष्पादिमा प्रविष्ट हुन्छ, त्यही सुगन्ध वायु र उषाको विवाहका समयमा मानिसले मणिबन्धन गर्दछन् । पृथ्वीले हामीलाई त्यसैले सुगन्धित गराउन्) (अथर्व, १२.१.२४) । वायु र उषाको विवाहको समय भनेको सूर्योदय पूर्वको प्रात काल हो जुन बेला प्रकृतिको सुगन्ध प्राणमय वा अमृतमय हुन्छ जसलाई कर्मपथमा तयार रहेका जीवहरूले ग्रहण गर्दछन् भन्ने व्यञ्जनालाई माथिको ऋचाले अभिव्यक्त गरेको छ । उषाकाल समयको कोमल र ललित काल हो । प्रभाती पर्यावरणको वर्णनका क्रममा पर्यावरणमैत्री भाषाको प्रयोग भएको छ । सारा प्राणी तथा वनस्पतिजगत्ले पृथ्वीबाट जीवनदान पाउँछन् त्यसमा पनि मानिस चेतनशील भएका कारण प्रकृति संरक्षणप्रति उसको जिम्मेबारी बढी छ भन्ने आशय पर्यावरणमैत्री भाषाका माध्यमबाट प्रस्तुत भएको छ ।

ऋषि जुन किसिमको विनयशीलतामा पुगेका छन् त्यस अवस्थामा आजका मानिस हुन्थे भने प्राकृतिक सुन्दरता किञ्चित् पनि घटेको हुने थिएन । हाम्रा पूर्वजलाई प्रकृतिको सहज स्वाभाविक उपयोग गर्दा पनि पश्चात्ताप बोध भएको देखिन्छ । यत्ते भूमे विखनामि क्षिप्रं तदपि रोहतु । मा ते मर्म विमृग्वरि मा ते हृदयमर्पिपम् । (हे भूमि ! ओषधि, कन्दमूलआदि खन्दा बनेका खाडल छिटै भरियुन्, तिम्रो मर्मस्थानमा परेका खाडलहरू कसरी पुर्न सकुँला र ?) (अथर्व, १२.१.३५) । बालीनालीका लागि भूमि खन्दा पनि ऋषिहरू क्षमाप्रार्थी बनेका छन् । भूमिप्रति अत्यन्त कोमलतालाई र संवेदनशीलतालाई यहाँ प्रस्तुत गरिएको छ ।

वैदिक साहित्यका लागि जल पानी मात्र नभएर देवता हो । वायु हावा मात्र नभएर देवता हो । प्रकृतिका यावत् अवयवहरूलाई देवताका रूपमा सम्मान गरी संरक्षणवादी चिन्तन अघि सारिएको छ । वैदिक परम्पराबाट निःसृत यस्ता विचारधाराबाट आजसम्म हाम्रो जीवन भिजेको छ । यज्ञादिमा अनिवार्य मानिएका पञ्चपल्लव, सप्तमृत्तिका, सप्तसिन्धुको जल जस्ता कुराले प्रकृतिसित मानव जीवनको समन्वय स्थापित गरेका छन् । तुलसी मठ बनाउने, चौतारो बनाउने, कुवा खन्ने जस्ता क्रियाकलापहरू धर्म र स्वर्गसित जोडिए पनि यसभित्र सन्निहित प्रकृति संरक्षणको पवित्र उद्देश्यलाई नकार्नु चाहिँ मुर्ख्याइँ हो । प्रकृतिलाई देवता मान्नु प्रकृतिलाई सम्मान गर्नु हो प्रकृतिलाई सम्मान गर्नका लागि यहाँ पर्यावरणमैत्री भाषाको सहारा लिइएको छ ।

## निष्कर्ष

अथर्ववेदको द्वादशकाण्डको पहिलो सूक्तका रूपमा रहेको पृथिवीसूक्त विषयवस्तुका हिसाबले अत्यन्त प्रसिद्ध सूक्त हो । यसलाई भूमिसूक्त या मातृभूमिसूक्त पनि भनिन्छ । भूमिका विविध पाटाहरूको वर्णन, प्रकृतिको देवत्वकरण, राष्ट्रवादी चिन्तन, पर्यावरणपद्धतिको वैज्ञानिक सङ्केत, सूक्तिमय अभिव्यक्ति आदिका कारण यो सूक्त प्रख्यात भएको हो । यस लेखमा पृथिवीसूक्तमा अभिव्यञ्जित पर्यावरण चेतनाको अध्ययन गरियो ।

प्रकृतिको चरमदोहनबाट विध्वंस भएको पर्यावरणको अनुहारबाट त्रस्त भएको चेतनाबाट प्रकृति संरक्षणवादी विचार र विचारबाट अभियान प्रादुर्भाव भएको हो । यसरी विकास भएको पर्यावरणीय चिन्तनले साहित्य समालोचनाको स्वरूप ग्रहण गरेको हो । साहित्यिक कृतिहरूले प्रकृतिलाई कुन रूपमा कसरी प्रस्तुत गरेका छन् भनेर खोज्नु पर्यावरण समालोचनाको चासो हो । यही चासोका आधारमा अथर्ववेदीय पृथिवीसूक्तको अध्ययन गर्दा यस सूक्तमा प्रकृति संरक्षणवादी चिन्तन आद्यन्त छरिएको देखिन्छ । पृथिवीसूक्तमा बाह्य तथा आभ्यन्तर दुवै प्रकृतिलाई सूक्ष्म ढङ्गले केलाइएको छ । भूमिलाई माता र प्राणीलाई सन्तानका रूपमा आरोप गरिएको छ भने वर्षालाई पिता भनिएको छ । भूमिसूक्तमा भूमिका बारेमा मात्र नभएर यससित जोडिएर आउने अन्तरक्षि, वायु, सूर्य, समुद्र आदिले निर्माण गरेको पर्यावरण चक्रलाई नै विभन्न विम्ब र प्रतीकका माध्यमबाट प्रस्ट्याइएको छ । भूमिसूक्तमा वैदिक मानवहरूको निश्छल र निष्कलङ्क भावना प्रवाहित छ । यस सूक्तले प्रकृतिको सबैभन्दा महत्त्वपूर्ण अवयवका रूपमा पृथिवी वा भूमिलाई अघि सारेको छ । नदी, पहाड, जङ्गल आदिको आधार त पृथिवी नै भइहाल्यो । वायु, वर्षा, उषा, सूर्य, चन्द्र, नक्षत्रहरूसमेत पृथिविकै केन्द्रियतामा घुम्नेतिर सङ्केत गरेको छ । यसरी पर्यावरणको केन्द्रमा पृथिवीलाई राखेर पृथिवीको सम्मान संरक्षणमा प्राणीजगत्को अस्तित्व चिरायु रहने तथ्य अघि सारेर पर्यावरणको महत्त्व उजागर गरिएको छ । प्रायः जसो मन्त्रमा भूमिसित सुख, शान्ति, ऐश्वर्य, निर्भयता, सदाकाल, अन्नजल, विविधरत्नहरू प्राप्तिका लागि प्रार्थना गरिएको छ । स्वर्गका इन्द्रादि देवतालई भन्दा यहाँ भूमिलाई महत्त्व दिएको छ । मानवको पहिलो आवश्यकताका रूपमा भूमिलाई स्थापित गरी प्रकृति मानव बिचको सम्बन्धलाई उच्च तहमा पुऱ्याइएको छ । प्रकृति सदा करुणामय तथा कृपालु मात्र हुँदैन, बाढी, पहिरो, दावानल, अतिवृष्टि, भूकम्पआदि पनि प्रकृतिकै उग्रावस्था हुन् । यस्ता प्रकोपबाट जोगिन कठिन देखिएकाले प्रकृतिकै शरणमा गएर निर्भय रहनुपर्ने धारणा अघि सारी यस सूक्तमा प्रकृतिको सर्वोच्चतालाई उच्चसम्मान गरिएको छ । प्रकृतिको कृपालु चरित्रको वर्णनमा कोमल भाषा र उग्र चरित्रको वर्णनमा कठोर भाषाको प्रयोग गरी पर्यावरणमैत्री भाषाका माध्यमबाट पर्यावरणको संवेदनशीलताई सङ्केत गरिएको छ । समग्रमा यस सूक्तले पर्यावरणको महत्त्व, मानव र प्रकृतिको सम्बन्ध तथा प्रकृतिको सर्वोच्चतालाई पर्यावरणमैत्री भाषामा उद्घोष गरी मानव मनमा पर्यावरणप्रति मानिस नै सावधान रहनुपर्ने चेतना प्रवाहित गरेको छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, श्रीराम शर्मा (२०६१). अथर्ववेद संहिता. उत्तराञ्चल : ब्रह्मवर्चस ।

उप्रेती, सञ्जीव (२०६८). सिद्धान्तका कुरा. काठमाडौँ : अक्षर क्रिएसन ।

एटम, नेत्र (२०६८). 'पर्यावरणीय समालोचना' रत्न बृहत् सैद्धान्तिक समालोचना. काठमाडौँ : रत्नपुस्तक भण्डार ।

गौड, रामस्वरूपशर्मा (२००७). अथर्ववेद संहिता. वाराणसी : चौखम्बा विद्याभवन ।

त्रिपाठी, रमाशङ्कर (२०७५). वैदिक साहित्य और संस्कृति. वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

पाठक जमुना र सिंह उमेश प्रसाद (२०६२). नवीनवैदिकसञ्चयनम्. वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

पोखेल, गोकुल (२०७१). 'चुली उपन्यासमा पर्यावरण' विशेष प्रायोगिक नेपाली समालोचना. सिराहा : शमशेर थापा ।

यास्क (२००९). निरुक्तम्. नई दिल्ली : मेहरचन्द लछमनदास पब्लिकेसन ।

सरस्वती, स्वामी जगदीश्वरानन्द (२०१७). अथर्ववेदसंहिता. दिल्ली : विजयकुमार गोविन्दराम हासानन्द ।

सूर्यकान्त (२०७७). वैदिक कोश. वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।